चटयाङको समयमा सतर्क रहौं ।
**चटयाङबाट बच्ने उपाय:**
- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार २१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 06 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०६

## एमालेले जुनसुकै बेला पनि सरकार ढाल्न सक्छ -भट्टराई

प्रस, वीरगंज, २० असार/

नेकपा एमालेका सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराईले वर्तमान सरकार जुनसुकै बेला पनि एमालेले ढाल्न सक्ने बताएका छन् ।

प्रेस चौतारी नेपाल, पर्साद्वारा वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा नेता भट्टराईले पत्रकारका प्रश्नको जवाफमा एमालेले चाहेको खण्डमा जुनसुकै बेला सरकार ढल्न सक्ने बताए । उनले सरकार ढाल्ने कुरा ठूलो नभएको र आवश्यकता परेको खण्डमा काङ्ग्रेसको साथ लिएर सरकार ढाल्न सकिने बताए ।

उनले अहिले गठबन्धनविरुद्ध एमाले र नेपाली काङ्ग्रेसको सरकार बन्न लागेको कुरामा सत्यता नभएको बताए । पत्रपत्रिकाहरूले उठाएका कुरा हुन् र जनताले दुई ठूला दल मिलेर सरकार बनाउँदा राम्रो हुने चाहना मात्र राखेको तर एमाले र नेकाबीच सरकार बनाउने विषयमा कुनै पहल नभएको बताए । उनले हालसम्म यस विषयमा एमाले र नेकाबीच कुनै पनि तहमा कुरा नभएको बताए ।

नेता भट्टराईले आफूले अहिले पार्टीगतरूपमा मधेस प्रदेशको जिम्मेवारी पाएको र यो प्रदेशको बारेमा बुझ्ने अभियानमा रहेको बताए । मधेसमा अहिले किसानहरूलाई मलको अभाव भएको र सिंचाइ नहुँदा धानखेती गर्न समस्या भएको बताए । सरकारले

तस्वीरः प्रतीक




अहिलेसम्म मलको समुचित व्यवस्था नगरेकोमा उनले दु:खेसो व्यक्त गरे । नेता भट्टराईले एमाले सरकारमा रहँदा पनि मलको अभाव देखिएको र तत्कालीन सरकारले मल कारखाना सञ्चालनमा ल्याउने नीति राखे पनि अहिलेको सरकारले किसानमैत्री काम गर्न नसकेको आरोप लगाए ।

नेता भट्टराईले मधेस प्रदेशमा एमालेले आगामी चैतसम्म पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने बताए । उनले वडा, पालिका, जिल्ला र प्रदेशस्तरीय अधिवेशनहरू सम्पन्न गर्ने बताए । उनले मिशन ग्रासरूट अन्तर्गत ६० प्रतिशतको सदस्यता नवीकरण नभएको कुरालाई स्वीकारे । त्यसअघि पनि वार्षिकरूपमा हुने नवीकरणमा १०-१५ प्रतिशतको कमी हुने गरेको र मिशन ग्रासरूट अन्तर्गत सदस्यहरू स्वयंले नवीकरण गराउनुपर्ने प्रावधान उल्लेख गर्दा नवीकरण प्रक्रियामा कमी आएको स्वीकारे । उनले अहिलेको सरकारको कामकारबाईप्रति असन्तोष जाहेर गरे ।

प्रेस चौतारी नेपाल, पर्साका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा एमालेका पोलिटब्युरो सदस्य अच्युत मैनाली, केन्द्रीय सदस्य राजकुमार गुप्ता, एकबाल मियाँ, पर्सा इन्चार्ज डा विश्वम्भर शर्मा, सांसद प्रभु हजरा, पूर्वसांसद बिचारी यादव, जयप्रकाश थारूलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण उपाध्यक्ष तुलसी भण्डारीले गरेका थिए ।

## गण्डक नहरमा एक साता ढिलो पानी आयो

नितेश कर्ण, वीरगंज, २० असार/

पर्सा, बारा र रौतहटसम्म फैलिएको

तस्वीरः प्रतीक



गण्डक नहरमा बुधवारदेखि पानी आएको छ ।

भारतीय पक्षले मङ्गलवार राति पानी छाडे पनि बुधवारदेखि नहरमा पानी आएको नारायणी सिंचाइका सूचना अधिकारी एवं इन्जिनीयर सुरेशप्रसाद साहले बताए ।

भारतीय पक्षले धान रोपाइँका लागि गण्डक नहरमा असार १५ अगावै पानी दिनुपर्ने प्रावधान भएपनि नहर मरम्मतको बहाना बनाएर यसपटक एक साता ढिलो पानी छोडेको हो ।

सूचना अधिकारी साहले भारतसँगको गण्डक सम्झौता अनुसार गहुँबालीको लागि पुस १ गते र धानबालीको लागि असार १५ गते ८५० क्युसेक पानी दिनुपर्ने बताए ।

भारतको झमरी नदीमा नहरको संरचनामा लिकेज भएको कारण यसपटक एक साता ढिलो पानी छाडिएको बताइएको छ ।

गण्डक ब्यारेजको निर्माण भारतले गरेको र सञ्चालन पनि भारतले नै गर्छ । गण्डक ब्यारेजबाट नेपालमा भन्दा भारतीय भूमिमा बढी पानी लैजाने गरिएको छ । सन् १९७५ र ७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको थियो । गण्डक नहरबाट पर्सा, बारा र रौतहटका ३७ हजार चार सय हेक्टर जग्गा सिञ्चित गर्ने लक्ष्य रहे पनि बर्सेनि कुनै न कुनै समस्या देखाउँदै भारतले सम्झौता अनुरूपको ८५० क्युसेक पानी नेपाललाई दिंदैन ।

पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ ८१ किमी रहेको छ ।

## गाँजासहित १२ जना पक्राउ

प्रस, मकवानपुर, २० असार/

हेटौंडाको रातोमाटेमा १९० किलो गाँजासहित १२ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय, मकवानपुरले लागूऔषध गाँजासहित १२ जनालाई पक्राउ गरेको हो ।

प्रहरीले १४४ किलो लागूऔषध गाँजासहित छजना र ४७ किलो गाँजासहित अरू छजनालाई पक्राउ गरेको हो । हेटौंडा उपमहानगरपालिका वडा नं १५ रातोमाटेबाट छुट्टाछुट्टै सवारीसाधनबाट उक्त परिमाणको गाँजा र त्यसमा संलग्नलाई पक्राउ गरिएको जिप्रका, मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

चितवनबाट वीरगंजतर्फ आउँदै गरेको बागमती प्रदेश-०१-०२५ च ३३८४ नम्बरको कार र प्र २-०३-००७ प ४७५४ नम्बरको मोटरसाइकललाई शङ्का लागि सुरक्षा जाँच गर्दा रातोमाटे चेकपोस्टमा ४७ किलो लागूऔषध गाँजा फेला परेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

पक्राउ पर्नेमा कारमा सवार पर्साको वीरगंज महानगरपालिका वडा नं १४ का ४२ वर्षीय कन्हैयालाल महतो, २६ वर्षीय विनोद मण्डल, वीरगंज-१८ का २० वर्षीया दुसमेना खातुन, २१ वर्षीया पूजाकुमारी मण्डल, मोटरसाइकलमा सवार पर्सा जिल्लाको पटेर्वासुगौली गाउँपालिका वडा नं ४ का २५ वर्षीय विनय चौधरी र पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नं १४ का ३९ वर्षीय विनोद पासवान रहेका प्रहरीले जनाएको छ ।

त्यस्तै, डिएल १ जिसी ३०३५ नम्बरको भारतीय ट्रकचालक भारतको

(बाँकी पाँचौं पातामा)

## सिम्रौनगढका तत्कालीन निप्रप्रअ साहलगायत १० जनाविरुद्ध भ्रष्टाचारको मुद्दा

प्रस, वीरगंज, २० असार/

बारा जिल्लाको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानूसहित १० जनामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाले भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

मधेस सरकारले आर्थिक वर्ष २०७७/७८ मा अनुदानको रकम पठाउँदा लेखा अधिकृत, इन्जिनीयर र उपभोक्ता समितिका अध्यक्षले मिलेमतोमा कामै नगरी रकम हिनामिना गरेको आरोपमा उनीहरूमाथि मुद्दा दायर भएको हो छ ।

आर्थिक मसान्तमा पठाएको अनुदानको रकमबाट सञ्चालित योजनाहरूमा रकम निकासा गरी योजना सञ्चालन एवं सम्पन्न नै नगराइ रकम भुक्तानी दिई हिनामिना गरेको भन्दै स्थानीयहरूले उजूरी दिएपछि उनीहरूविरुद्ध अख्तियारले अनुसन्धान शुरू गरेको थियो ।

सो योजनाबारे संसदीय दलको टोलीले अनुगमन गर्दा भ्रष्टाचार भएको भन्दै कारबाईको सिफारिश गरेको थियो ।

सिम्रौनगढ नपाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानू, लेखा अधिकृत सोमेन्द्रप्रसाद चौधरी, इन्जिनीयर सुरेशकुमार यादव, सबइन्जिनीयर उपेन्द्र कुशवाहामाथि मुद्दा दर्ता भएको छ ।

सिम्रौनगढ नगरपालिका-८ स्थित रामदिनेशको घरदेखि कचोर्वा बजारसम्मको सडक ढलान निर्माण कार्यमा लागत स्टीमेट अनुसार काम नभएको तर झूटो विवरण तयार पारी नापी किताबमा चढाइ, फर्जी बिल भरपाई पेश भएको अख्तियारको ठहर छ ।

त्यसैगरी, निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन तयार पार्ने सोही नपाका वीरेन्द्र, सुरेशकुमार यादव र उपेन्द्र कुशवाहा तथा सडक ढलान निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष सञ्जय यादव, सचिव दीपेन्द्र चौधरी र कोषाध्यक्ष बिजुलीदेवी उपर पनि मुद्दा दर्ता भएको अख्तियारका प्रवक्ता भोला दाहालले जनाएका छन् ।

## असार सक्न लाग्दा आइसिपीमा १७ सय गाडी होल्ड
## १० अर्ब राजस्व र ३३ करोड पार्किङ शुल्क बाँकी

प्रस, परवानीपुर, २० असार/

वीरगंज भन्सार मातहतको एकीकृत जाँच चौकी (आइसिपी) भन्सारमा असार २० गतेसम्म एक हजार ७२८ वटा नयाँ सवारीसाधन होल्ड रहेका छन् ।

चालू आव २०७९/८० सकिन लाग्दा पनि ती गाडीहरू भन्सार जाँचपास नभएका कारण होल्ड भएका हुन् ।


आइसिपी व्यवस्थापन गर्ने निकाय नेपाल इन्टरमोडेल यातायात विकास समिति, वीरगंजका प्रमुख कमल ज्ञवालीका अनुसार हालसम्म आइसिपी, वीरगंजमा एक हजार ७२८ वटा नयाँ सवारीसाधनमध्ये एक हजार २४५ वटा नयाँ गाडीका चेसिस मात्रै छन् भने विभिन्न कम्पनीका जीप, कार, भ्यान गरी ४८३ वटा होल्ड रहेका जानकारी दिए । उनले यदि यी सबै गाडी असार मसान्तसम्म जाँचपास भएमा इन्टरमोडेललाई रु ३३ करोड पार्किङ शुल्कबापत रकम प्राप्त हुने उनले बताए ।

भारत वा विदेशबाट गाडी आयात गरी आइसिपीमा प्रवेश गराउँदा २४ घण्टासम्म पार्किङ शुल्क लाग्दैन, त्यसपछि एक सातासम्म, एक महीनासम्म र त्यसपछि फरक-फरक समयावधिमा गाडी पार्किङ गरी होल्ड गर्दा प्रतिदिन अधिकतम रु ८३० पार्किङ शुल्कबापत तिर्नुपर्छ ।

त्यसैगरी, वीरगंज भन्सारको आइसिपीबाट ती गाडीहरू जाँचपास गरेर आयातकर्ताले लगेमा करीब रु १० अर्ब राजस्व उठ्ने आकलन गरिएको छ ।

वीरगंज भन्सारले पाएको लक्ष्य भेटाउन १० अर्बले सहयोग गर्ने विश्वास गरिएको थियो तर त्यसो हुन नसकेको वीरगंज भन्सारका अधिकारीहरूले बताएका छन् । वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले भने, "हामीले रु १० अर्ब राजस्व मात्रै गाडीबाट उठ्छ भन्ने आकलन गरेका थियौं, व्यवसायीसँग पैसा भएन, बैंकले

तस्वीरः प्रतीक



पनि कर्जा लगानी गरेन भन्छन्, यस्तो अवस्थामा असार मसान्त सक्न लाग्दा पनि जुन हिसाबले गाडीको जाँचपास हुनुपर्थ्यो हुन सकेन ।"

नयाँ सवारीसाधनको जाँचपासमा गाडी खरीद गरेको मूल्यमा भन्सार महसूल, अन्त:शुल्क, भ्याटलगायत अन्य राजस्व गरी तीन सय प्रतिशतसम्म राजस्व आयातकर्ताले तिर्नुपर्छ । सोही कारणले गाडीहरूको जाँचपास नभएको हो ।

एक हजार २४५ नयाँ बस, ट्रकको चेसिसमा टाटाको नेपालको लागि आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङको मात्रै करीब एक हजार १०० गाडी होल्डमा छन् भने बाँकी भारी सवारीसाधनमा अशोक लेल्यान्ड, भारत बेन्चलगायत रहेका छन् ।

कारमा टोयोटा, हुन्डाई, निशान, रिनल्ट, फोर्डलगायतका जीप, कार, भ्यान जाँचपास नभएर होल्ड भएका छन् । टोयोटाको आयातकर्ता युनाइटेड ट्रेड सिन्डीकेट प्रालि, हुन्डाईको लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिका सवारीसाधनमा बढी मात्रामा होल्ड छन् ।

## छोटकरी
### युवकद्वारा आत्महत्या

प्रस, पर्सागढी, २० असार/

वीरगंज महानगरपालिका-३१ बेल्वामा ३० वर्षीय युवकले पासो लगाएर आत्महत्या गरेका छन् ।

कइमुलाह अन्सारीले कोठामा पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनाएको छ । आत्महत्याको कारण खुलेको छैन । प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले शव शल्यपरीक्षणको लागि पठाइएको र घटनाबारे अनुसन्धान भइरहेको बताए ।

### विचारसार एवं सूक्तिहरू

**केही सम्बन्धलाई परिभाषामा कैद गर्न सकिन्न, तर ती अनमोल हुन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# अन्धविश्वास

**पर्सा जिल्ला पटेर्वासुगौली गाउँपालिका–४ फरहदवाका विकाश राउत थारू परमपिता परमेश्वरको नामले चर्चामा आएका छन् । उनी चर्चामा आउनुको कारण चिकित्सकीय उपचार विधिबाट असाध्य रोग निको नभएकाहरूको पनि रोग निको भइरहेको भन्ने हल्लाबाट हो । विकाश जन्मजात हिन्दू थिए र अहिले उनले क्रिस्चियन धर्म अँगालेका छन् । उनले धर्म परिवर्तन गरेपछि यो अलौकिक शक्ति प्राप्त गरेको चर्चा छ । एक वर्षदेखि उनले शिविर सञ्चालन गर्दै आएका छन् र अहिले शिविरमा मानिसहरूको सहभागिता बढेको छ। १७ वर्षीय थारू यसअघि चितवनमा १२ वर्षकै उमेरदेखि कृष्ण आलेमगरको शिष्यका रूपमा कार्यरत थिए । चितवनमा पाँच वर्षको साधनापछि उनमा यो अलौलिक शक्ति प्राप्त भएको र त्यही शक्तिबाट अहिले असाध्य रोगहरू पनि निको गरिरहेका उनका समर्थकहरू बताउँछन्। बोतलमा पानी राख्ने र त्यसलाई मन्त्राएर बिरामीलाई दिने अनि बिरामीको रोग छुमन्तर हुने हल्ला चलाइएको छ ।**

**पर्सा जिल्लामा यस प्रकारका अलौकिक शक्तिको प्रदर्शन नयाँ नौलो होइन। अझ छिमेकी जिल्ला बारामा यस प्रकारका गतिविधिहरू धेरै पहिलेदेखि हुँदै आएका छन् । हाल कलैया उपमहानगरपालिका र पहिलेको उत्तरझिटकैया गाविस अन्तर्गतको दोहरीमा असाध्य रोगहरू निको गर्ने एकजना ठाकुर थरका व्यक्तिको केही वर्ष निकै चर्चा चल्यो । पर्सा, बारा, रौतहट र छिमेकी भारतका विभिन्न स्थानबाट मानिसहरू रोग निको पार्नका लागि सो ठाउँमा गए । परम्परागतरूपमा मानिसको हजामत गरेर जीविकोपार्जन गर्दै आएका ती ठाकुरले जङ्गलबाट लाजवन्तीको झार ल्याउँथे र नदीको बालुवासँग लाजवन्तीको झार खान लगाउँथे । उनको यो विधिबाट धेरैजना निको भएको हल्ला चलाइएको थियो। असाध्य रोगहरू क्यान्सर, मिर्गौला, मुटु, ग्यास्ट्रिक, अनि त्यतिखेर उपचार नहुने एचआइभी एड्सका बिरामीहरू पनि निको भएका हल्ला चलेपछि गढीमाईको मेलाझैं भीड भएको थियो । करीब साढे दुई दशकअगाडिको यो घटना पछि त्यत्तिकै सेलाएर गयो । त्यसअघि महुवाको रूखबाट बोक्सी लागेको उपचार हुने गरिएको हल्ला पनि नचलेको होइन । बोक्सी लागेकाहरूलाई गढीमाई मन्दिरअगाडिको महुवाको रूखअगाडि सुताउने र त्यस्तालाई रूखले तान्ने गरेको अनि रोगको उपचार हुने गरेको हल्ला पनि त्यत्तिकै चलेको थियो । खासगरी महिलाहरूलाई गढीमाई मन्दिरमा रहेको महुवाको रूखनजीक राखेर बोक्सी लागे नलागेको परीक्षण गरिन्थ्यो । बारा जिल्ला यस प्रकारका हल्लामा चर्चित छ ।**

**केही वर्षअगाडि निजगढका तपस्वी रामबहादुर बमजनको कारनामाको चर्चा चलाइएको थियो। अहिले ती तपस्वीमाथि विभिन्न थरीका आरोपहरू छन् र अरूको रोग निवारण गर्ने उनी आफैं कानूनको दोषी भएर फरार छन्। बारा जिल्लामा नागमणिको नाममा अहिलेसम्म ठगीधन्धा जारी छ। नागमणि कसैले नदेखे पनि त्यहाँका ठगहरूले यसको हल्ला चलाएर [redacted] छन्। नागमणिकाण्डमा अहिलेसम्म [redacted] कतिजना जेलजीवन बिताइरहेका [redacted] विश्वासले नराम्ररी जरो गाडेको [redacted] पत्ता नलगाएर हल्लाको [redacted] हुँदैन, यस्ता हल्लाको पछि लाग्दा [redacted]**

# मधेस प्रदेशमा बसोवास गरेका जातहरू

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**मधेस प्रदेशको जातजातिहरूको नाम र सङ्ख्या खुलेको र नखुलेको गरी दुई किसिमले जातजाति आएको छ । खुलेको आधारमा मधेस प्रदेशमा कम्तीमा ११५ जातजातिको बसोवास रहेको देखिन्छ ।**

मधेस प्रदेशलाई भौगोलिक दृष्टिकोणले समथर प्रदेश भनिन्छ । नेपालको सबैभन्दा सानो प्रदेशको रूपमा रहेको छ भूगोलमा। अन्य दृष्टिकोणले भने यस प्रदेशलाई विविधताको प्रदेश मानिन्छ। उत्तरतिर वन क्षेत्र अझै पनि रहेको छ भने दक्षिणातिर समथर हरियाली छ। पूर्वदेखि पश्चिमतिर लाम्चो आकारमा यो प्रदेशमा केवल आठ जिल्ला छ । यद्यपि जनसङ्ख्याको दृष्टिकोणले बागमती प्रदेशपछि मधेस दोस्रो ठूलो प्रदेश हो। यहाँ अनेक धर्म, संस्कृति र समुदायको बसोवास छ। यस प्रदेशमा अनेक भाषा बोलिन्छ। यसैगरी यस प्रदेशमा अनेक जातजातिको बसोवास छ । राष्ट्रिय जनगणना २०७८ को अन्तिम परिणाम आइसकेको छ । यसै आधारमा यस प्रदेशमा रहेका विभिन्न जातजातिको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको २०७८ को राष्ट्रिय जनगणनाको जातिगत अन्तिम परिणाममा सबैभन्दा पहिले मधेस प्रदेशको सबै जातको सङ्ख्या दिइएको छ। जस अनुसार ६१,१४,६०० जनसङ्ख्या रहेको मधेश प्रदेशमा सबै जातजातिको सङ्ख्या पनि उल्लेख छ। जनसङ्ख्यामा ३०,६५,७५१ पुरुष र ३०,४८, ८८९ महिला छन्।

एकल जातिको आधारमा मधेस प्रदेशको सबैभन्दा ठूलो जात यादव हो। मधेस प्रदेशमा यादवको सङ्ख्या ९,२६,५०८ छ। दोस्रो ठूलो सङ्ख्याको जात मुसलमान भनिएको छ । मुसलमानको सङ्ख्या ७,९२,७७६ छ । यादव र मुसलमानमा तुलना गर्दा मुसलमानभन्दा यादव १,३३,७३२ ले बढी रहेको देखिएको छ । यादव र मुसलमानको जनसङ्ख्यामा एउटा प्रवृत्तिगत भिन्नता यो रहेको छ कि यादव महिलाको सङ्ख्या पुरुषको तुलनामा कम छ भने मुसलमान महिलाको सङ्ख्या पुरुषको तुलनामा बढी छ।

मधेस प्रदेशको तेस्रो ठूलो सङ्ख्या तेलीको छ। तेलीको सङ्ख्या ३,२४,७०५ छ भने चौथो स्थानमा रहेको थारूको सङ्ख्या ३,०१,०३८ छ। यसैगरी पाँचौं ठूलो सङ्ख्यामा कोइरी/कुशवाहा २,७६,१५५ छन् । २,६९,३९६ सङ्ख्यासहित चमार/हरिजन/राम प्रदेशको छैटौं ठूलो आबादी हो भने धानुक सातौं ठूलो जनसङ्ख्या भएको जात हो। धानुकको सङ्ख्या २,१७,०९६ रहेको छ। आठौं ठुलो जात कुर्मीको सङ्ख्या १,८०,५८१ र नवौं मुसहरको सङ्ख्या १,७९,१५३ र दशौं ठूलो जातको रूपमा दुसाध/पासवान/पासीको सङ्ख्या १,७६,१९० रहेको छ।

यसैगरी मल्लाहको सङ्ख्या १,४१,६३८, कानूको सङ्ख्या १,३९,०८८ तामाङको सङ्ख्या १,२२,१९४ तथा तत्मा/तत्वाको सङ्ख्या १,१७,५०७ रहेको तथ्याङ्कमा देखिन्छ। मधेस प्रदेशमा खत्वे १,१२,५२१, कलवार १,०१,८६०, ब्राह्मण (तराई) १,०१,०९३ छन् । यसरी मधेस प्रदेशमा एक लाखभन्दा बढी जनसङ्ख्या भएका जातहरूमा यादव, मुसलमान, तेली, थारू, कोइरी, चमार, धानुक, कुर्मी, मुसहर, दुसाध, मल्लाह, कानू, तामाङ, तत्मा, खत्वे, कलवार र ब्राह्मण हुन्। मधेस प्रदेशमा एक लाखभन्दा बढी जनसङ्ख्या हुने जातको सङ्ख्या १७ रहेको तथ्याङ्कबाट देखिएको छ।

मधेस प्रदेशमा क्षत्री ९८,००२ केवट ९२,३४६ सुँडी ९,०९६ तथा बिन ९,४८२ रहेका छन् । यसैगरी हजाम/ठाकुर ८८,००४ ब्राह्मण (पहाडे) ८०,३८७ नुनिया ७२,९७६, कुम्हार ७२,४५४ र लोहार ६६,६२६ रहेका छन् । यसैगरी मगर ६५,१४२ धोबी ६२,५७७ सोनार ६२,१८३, बरई ४७,०९९ हलुवाई ४५,४४४ नेवा/नेवार ३७,३५६ राजपूत ३३,४५५ र दनुवार ३३,१२५ रहेका छन्। मधेस प्रदेशमा कथबनिया ३३,०२९ अमत ३१,९९९ भूमिहार ३०,७६९ बढई ३०,२११ तथा माझी २९,५९९ रहेका छन्। यसैगरी विश्वकर्मा २८,३४४, बातर/सर्दार २१,६८६ कायस्थ २१,१०९ रौनियार २०,४३१ सन्न्यासी/दशनामी १९,७१४ बनियाँ १६,९९१ गडेरी/भेडिहर १६,७१४ र डोम १४,०६० रहेका छन् । मधेस प्रदेशमा माली १३,९७४ राजधोब १३,६७४ कहार १२,०१५ राई १०,२१० र ठकुरी १०,००६ जना रहेका छन्। यसरी मधेस प्रदेशमा एक लाखभन्दा कम र दश हजारभन्दा बढी जनसङ्ख्या भएका जात क्षत्री, केवट, सुडी, बिन, हजाम, ब्राह्मण, नुनिया, कुम्हार, लोहार, मगर, धोबी, सोनार, बरई, हलुवाई, नेवा, राजपूत, दनुवार, कथबनिया, अमत, भूमिहार, बढई, माझी, विश्वकर्मा, बातर, कायस्थ, रौनियार, सन्न्यासी, बनियाँ, गडेरी, डोम, माली, राजधोब, कहार, राई र ठकुरी गरी ३५ जातजाति रहेको तथ्याङ्कबाट देखिएको छ।

मधेस प्रदेशमा परियार ९,६७७ गोाढ/गोंड ७,०३७ धुनिया ७,६९८ मारवाडी ७,४०८ ओराँओ/कुडुख ६,९५३ घर्ती/भुजेल ६,६८५ मिजार ५,९७१ कुमाल ५,४८६ राजभर ४,६८९ चाई/खुलौट ४,६५१ गुरुङ ३,००९ र देव २,९९५ जना रहेका छन् । यसैगरी सुनुवार २,६६१ हलखोर २,६५८ बेल्दार २,२७३ धन्कर/धारिकर २,००९ र नटुवा १,९८५ जना रहेका छन् । यसैगरी सरबरिया १,१४२ कोरी १,१०२ र राजवंशी १,०१६ जना रहेका छन्। यसरी मधेस प्रदेशमा दश हजारभन्दा कम र एक हजारभन्दा बढीको सङ्ख्यामा रहेका जातजातिको सङ्ख्या परियार, गोाढ, धुनिया, मारवाडी, ओराओ, घर्ती, मिजार, कुमाल, राजभर, चाई, गुरुङ, देव, सुनुवार, हलखोर, बेल्दार, धन्कर, नटुवा, सरबरिया, कोरी र राजवंशी गरी २० छन्।

मधेस प्रदेशमा पहरी ८०३, कलर ५५५, बङ्गाली ५४२, बोटे ५३८, थामी ५३७, याक्थुङ/लिम्बू ५२८, घले ३६८, चेपाङ/प्रजा ३६२, कमर २९७, शेर्पा २४३, पत्थरकट्ट/कुशवाडिया २३९, खवास २३२, हायु २२५, बादी २१९, रानाथारू १५८, सन्थाल १४५, पञ्जाबी/सिख १२२, आठपहरिया ११३ र धिमाल १०५ रहेका छन्। यसरी एक हजारभन्दा कम र एक सयभन्दा बढी सङ्ख्या भएका जातजाति पहरी, बङ्गाली, बोटे, थामी, याक्थुङ, घले, चेपाङ, कमर, शेर्पा, पत्थरकट्ट, खवास, हायु, बादी, रानाथारू, सन्थाल, पञ्जाबी, आठपहरिया र धिमाल गरी १८ जाति रहेका छन्।

मधेस प्रदेशमा एक सयभन्दा कम जनसङ्ख्या भएका जातिहरूको सङ्ख्या पनि ठूलो छ। याक्खा ९०, लोध ७६, बोटे ७२, दरई ७२, गाइने ६७, मेचे ६५, थकाली ६२, गन्गई ५०, ब्यासी/सौका ४८, याम्फू ४६, बाहिङ ३९, बराम/बरामु ३७, चाम्लिङ ३६, ताजपुरिया २६, थुलुङ २३, लोहारुङ २३, मुन्डा २०, जिरेल १८, छन्त्याल/छन्तेल १८, चिडिमार १८, चुम्बा/नुब्री १७, ल्होपा १३, दुरा ११, करमारोङ ११ र ल्होमी ११ जना छन्। यसरी मधेस प्रदेशमा एक सयभन्दा कम सङ्ख्यामा रहेका जातजातिहरूमा याक्खा, लोध, बोटे, दरई, गाइने, मेचे, थकाली, गन्गई, ब्यासी, याम्फू, बाहिङ, बराम, चाम्लिङ, ताजपुरिया, थुलुङ, लोहारुङ, मुन्डा, जिरेल, छन्त्याल, चिडिमार, चुम्बा, ल्होपा, दुरा, करमारोङ र ल्होमी गरी २५ छन् । तथ्याङ्कमा विदेशी भनेर २७,४२४, नखुलेको (नट स्टेटेड) भनेर ३४४ र अन्य भनेर ११९ उल्लेख गरिएका छन्। दशभन्दा कम जनसङ्ख्या भएका जातजातिको नाम उल्लेख भएको देखिएन।

मधेस प्रदेशको जातजातिहरूको नाम र सङ्ख्या खुलेको र नखुलेको गरी दुई किसिमले जातजाति आएको छ। खुलेको आधारमा मधेस प्रदेशमा कम्तीमा ११५ जातजातिको बसोवास रहेको देखिन्छ।

# चर्चा बालेन र हर्कको

मन्तव्य



कुमार रुपाखेती

**शालीन व्यवहार र शान्त बोलीचाली बालेन र हर्कको विशेषता हो। वीरगंजमा एकताका माधवलाल श्रेष्ठ मेयर थिए, मुखै छुच्चो, जथाभावी मुख छाड्ने, आफैंलाई जान्ने–सुन्ने भन्ठान्ने। बालेन र हर्कबाट मेयरहरूले मात्र होइन, हामी तपाई सबैले शिक्षा लिन आवश्यक छ।**

अहिले मुलुकभरि नै काठमाडौंका मेयर बालेन र धराने मेयर हर्कको चर्चा परिचर्चा भइरहेको देखिन्छ। यी दुईको चर्चाको अगाडि पुराना रैथाने राष्ट्रिय दल र तिनका नेताहरूको चर्चा फिक्का देखिन थालेको छ । राम्रो काम गर्ने बालेन र हर्क भनी खराब काम गर्ने गराउनेमा मात्र देउवा, ओली, प्रचण्डहरूको नाम समावेश हुन थालेको छ।

स्वतन्त्र यी दुई मेयरको चर्चा मुलुकबाहिरसमेत हुनु कम घतलाग्दो कुरा होइन । दल र नेताको खोल नओढेर, कसैको आशीर्वादविना नै यी दुई स्वतन्त्र महारथिले एकपछि अर्को विकासको सिंढी चढ्दै गरेको पाइन्छ। त्यसो त वीरगंज महानगरका मेयर पनि प्राथमिक/अप्राथमिक योजनाका साथ अघि बढ्न चाहेको देखिन्छ तर आसेपासेहरूको लहरो र पहरोमा अल्झिएर चारोखाना चित्त भएको पनि देखिन्छ। त्यो माईराम पोखरीको कुरा होस् कि अरूको, हात पार्न ज्यान फालेर लागेका छन्, डोजर चलेको चल्यै छ, परिणाम भने शून्य।

वीरगंज सफा छ भन्नेबित्तिकै हाम्रा मेयर राजेशमान छाती फुलाउँदा रहेछन्। हो, वीरगंज रक्सौलभन्दा धेरै सफा त छ तर हेटौंडा, पोखरा, धरान, विराटनगर र काठमाडौंजत्तिको सफा भइसकेको छैन । तर हाम्रा मेयर राजेशमानले एउटा धेरै राम्रो काम गरे भानुचोकमा भानुको अर्धकद शालिक राखिदिए । यस अघि भानुचोक वीरगंजमा भानुको कालो रङको शालिक थियो र उनले सेतो शालिक राखिदिएकोमा धेरैधेरै धन्यवाद छ।



मेयर बालेन शाह



मेयर हर्क साम्पाङ

अब लागौं बालेन र हर्कतिर । रास्वपाका रवि लामिछानेसमेत अचेल बालेन र हर्कका अगाडि कमजोर देखिन थालेका छन्।

लामिछानेसमेत संसदीय भासमा परेर आफ्नो लोकप्रियता घटाउन थालेको देखिन्छ। स्वविवेकले, स्वतन्त्रतापूर्वक, कसैको दबाबमा नपरेर जनहितको काम गर्ने हो भने जोसुकै बालेन र हर्क बन्न सक्छ भन्ने उदाहरण बनेका छन् यी दुई स्वतन्त्र मेयरहरू। तर दलहरू यिनको साहसको सराहना गर्न कन्नि काट्छन्।

अचेल राष्ट्रिय पत्रपत्रिकाहरूमा समेत बालेन र हर्कका विकासका अनौठा–अनौठा कारखाना पढ्न पाइन्छ। नेपालमा सयकडौं पालिका र मेयर छन्। बालेन र हर्कबाहेक अधिकांशले मेयर पदलाई कमाइखाने भाँडो बनाएको स्पष्ट देखिन्छ। सात प्रदेशका मुख्यमन्त्रीहरूको नाम हामीलाई थाहा छैन तर काठमाडौं र धरानमा मेयरको नाम कण्ठै छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र उपप्रधानमन्त्रीहरूको नाम समेत आम जनताले बिर्सिन थालेको छ । विकास चाहने नगरप्रमुखहरूका लागि बालेन र हर्क एउटा खम्बा साबित भएका छन् तर कतिपय प्रमुखहरू यी दुईको नाम सुनेर आँखा–नाकसमेत खुम्च्याउँछन् । एउटा प्रमुखले त बल्लबल्ल पाएको नगरप्रमुखको पद त कमाउनलाई हो, बालेन र हर्कजस्तो– 'मेरी आमा साऱ्है नै बाठी छन्, चामलसँग पीठो पो साटिछन्' गरिँदैन भने ।

शालीन व्यवहार र शान्त बोलीचाली बालेन र हर्कको विशेषता हो। वीरगंजमा एकताका माधवलाल श्रेष्ठ मेयर थिए, मुखै छुच्चो, जथाभावी मुख छाड्ने, आफैंलाई जान्ने–सुन्ने भन्ठान्ने। बालेन र हर्कबाट मेयरहरूले मात्र होइन, हामी तपाई सबैले शिक्षा लिन आवश्यक छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# एसइई नतीजा प्रकाशनका लागि १६ संस्थाले पाए अनुमति

काठमाडौं, २० असार/रासस

माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतीजा प्रकाशनका लागि १६ वटा संस्थाले अनुमति पाएका छन्।




राष्ट्रिय परीक्षा बोर्डको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले १६ वटा संस्थालाई नतीजा उपलब्ध गराउन अनुमति दिएको परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिए।

नतीजा प्रकाशनका लागि रीतपूर्वक निवेदन दिएका १६ वटा र तीनवटा बोर्डकै संस्थाले वेबसाइट, एसएमएस र आइभिआरबाट नतीजा उपलब्ध गराउने अनुमति पाएका हुन्। यो वर्ष बोर्डका साथै नेपाल टेलिकम, एनआइसी एशिया बैंक, इडियु सञ्जाल, कान्तिपुर पब्लिकेशन्स, द कनेक्ट प्लस प्रालि, खल्ती प्रालिलगायतका संस्था/फर्मले वेबसाइटमार्फत नतीजा उपलब्ध गराउनेछन्।

यसैगरी, नेपाल टेलिकम, जानकी टेक्नोलोजी प्रालि, इजी सर्भिस प्रालि, आकाश टेक प्रालिलगायतका पाँचवटा संस्था र फर्मले एसएमएस र आइभिआरमार्फत नतीजा उपलब्ध गराउनेछन्।

बोर्डले एसइईको नतीजा प्रकाशनको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। शुक्रवारभित्रमा नतीजा प्रकाशन गर्नेगरी बोर्डले तयारी गरेको परीक्षा नियन्त्रक श्रेष्ठले बताए।

उत्तरपुस्तिका परीक्षण गरेर तथ्याङ्क प्रविष्ट गर्ने काम सकेर रुजु गर्ने काम भइरहेको बोर्डले जनाएको छ। बोर्डले यो वर्ष पनि पुरानै लेटर ग्रेडिङ प्रणाली (अक्षराङ्कन) अनुसार नतीजा प्रकाशन गर्न लागेको जनाएको छ। पुरानो पाठ्यक्रम अनुसार पढाइ हुने अन्तिम वर्ष भएकोले यसपटक पुरानै लेटर ग्रेडिङ प्रणाली अनुसार नतीजा सार्वजनिक गर्न लागिएको परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिए।

# दश अर्बको विकास ऋणपत्र निष्कासन हुँदै

काठमाडौं, २० असार/रासस

नेपाल राष्ट्र बैंकले यही असार २१ गते रु १० अर्बको विकास ऋणपत्र जारी गर्ने भएको छ।

सरकारले आन्तरिक ऋण उठाउने उपकरणका रूपमा विकास ऋणपत्र प्रयोग गर्दै आएको छ।

सरकारको तर्फबाट राष्ट्र बैंकले बोलकबोलमार्फत विकास ऋणपत्र २०८६ 'च' निष्कासन गर्न लागेको हो। छ वर्षे अवधिको यो विकास ऋणपत्र बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा सर्वसाधारण नागरिकले समेत खरीद गर्न सक्नेछन्। यो ऋणपत्रको ब्याजदर बोलकबोल प्रक्रियाबाट निर्धारण हुनेछ भने ब्याजदर अर्धवार्षिकरूपमा भुक्तानी गरिने राष्ट्र बैंकले जनाएको छ।

यो ऋणपत्र धितो राखी कर्जासमेत लिन पाइनेछ। ऋणपत्र निष्कासित रकमको ८५ प्रतिशत प्रतिस्पर्धी र १५ प्रतिशत अप्रतिस्पर्धी रूपमा बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ। "अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालालाई बिक्री गरिनेछ। अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोल प्राप्त हुन आएमा बोलवालालाई समानुपातिकरूपमा उक्त ऋणपत्रको रकम बाँडफाँट गरिनेछ," राष्ट्र बैंकको सूचनामा भनिएको छ।

त्यस्तै, ब्याजदर निर्धारण गर्दा बोलवालाले कबोल गरेको ब्याजदरलाई सानादेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको कटअफ ब्याजदरलाई एकल ब्याजदर कायम गरिनेछ।

यसरी कायम भएको एकल ब्याजदरमा ऋण उपलब्ध गराइने जनाइएको छ। ऋणपत्रका लागि घटीमा रु ५० हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाइ रु ५० हजारले भाग गर्दा निशेष भाग जाने अङ्का लागि आवेदन दिन पाइनेछ।

# गैंडा मारेको अभियोगमा तीनजना पक्राउ

चितवन, २० असार/रासस

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत नन्दभाउजू उपभोक्ता समिति क्षेत्रभित्र पर्ने नारायणी नदीको भङ्गालोमा दुईवटा गैंडा मारेको अभियोगमा तीनजना पक्राउ परेका छन्। सोही घटनामा संलग्न रहेका दुईजना फरार रहेका निकुञ्जले जनाएको छ।

निकुञ्जले बुधवार कसरामा पत्रकार सम्मेलन गरी पक्राउ परेकालाई सार्वजनिक गरेको हो।

निजहरूलाई वैशाख १२ गते पक्राउ गरिएको थियो। पक्राउ पर्नेमा नवलपरासीको रामग्राम नगरपालिका-१८ धरमपुरका होमबहादुर विक, सोही ठाउँका कृष्णबहादुर महतो र शिखाराम थारू रहेका निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले जानकारी दिए। उनका अनुसार गैंडाको खाग खरीद-बिक्री कारोबार गर्दै गर्दा


तस्वीरः रासस

निजहरूलाई पक्राउ गरिएको थियो।

पक्राउ परेका तीनैजनाविरुद्ध डिभिजन वन कार्यालय, नवलपरासीले अनुसन्धान गरेको थियो।

अनुसन्धानको क्रममा बरामद गैंडाको खाग चोरी शिकार गरेको स्थान चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भएकाले मुद्दा यहाँ सरी आएको पुनले जानकारी दिए।

निकुञ्जका अनुसार निजहरूले विसं २०७९ माघ ६ गते राति सिद्धेश्वर मन्दिरबाट करेन्ट जोडेर विद्युतीय धरापमा पारी १४ वर्षको माउ र करीब चार वर्षको बच्चा मारेका थिए।



पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम अन्तर्गत तनहुँको ऋषिङ गाउँपालिका-८ स्थित शिव सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीले शुरु गरेको कुखुरापालन। जिल्लाका विभिन्न विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएको छ। तस्वीरः रासस

# दुईभन्दा बढी सन्तान जन्माउनेलाई पाँच हजार भत्ता

रामपुर (पाल्पा), २० असार/रासस

पाल्पाको रिब्दिकोट गाउँपालिकाले गाउँमा बसेर काम गर्ने जनशक्ति अभाव हुन थालेपछि नयाँ कार्यक्रम ल्याएको छ। गाउँपालिका-१ को कार्यालयले दुईभन्दा बढी सन्तान जन्माउने अभिभावकलाई रु पाँच हजार भत्ता दिने कार्यक्रम ल्याएको हो।

आगामी आर्थिक वर्ष २०८०/८१ देखि लागू हुने गरी वडामा दुई सन्तानभन्दा बढी सन्तान जन्माउने अभिभावकलाई बच्चाको जन्मदर्ता गर्न वडा कार्यालयमा आउँदा रु पाँच हजार प्रोत्साहनस्वरूप भत्ता दिने नीति तथा कार्यक्रममा समावेश गरिएको वडाध्यक्ष चिरञ्जीवी पोखरेलले बताए। "गाउँमा बस्ने युवा जनशक्ति विदेश पलायन हुँदा गाउँ नै रित्तिने अवस्थामा छ भने खेतीयोग्य जमीन बाँझिँदै गएका छन्," उनले भने, "गाउँमा बसेर केही उद्यम, व्यवसाय गर्ने, आयस्रोत लिने तथा गाउँ बस्तीविहीन अवस्थामा नपुगोस् भनेर प्रोत्साहनस्वरूप भत्ता दिने नीति ल्याएका छौं।"

"गाउँमा जनसङ्ख्या घट्दै गएर काम गर्ने जनशक्तिको अभाव हुन थालेको छ। अधिकांश बजेट कृषि क्षेत्रका लागि विनियोजन भएका छन्। कृषिमा काम गर्ने जनशक्तिको कमी हुँदा कार्यान्वयन पक्ष फितलो देखिएको छ। खेतबारी बाँझिएका छन्। गाउँमा जनसङ्ख्या सन्तुलित बनाउँदै काम गर्ने जनशक्तिलाई गाउँमै टिकाइराख्नका लागि 'दुईभन्दा बढी सन्तान जन्माउनेलाई रु पाँच हजार भत्ता'को नीति ल्याइएको हो," वडा कार्यालयले उल्लेख गरेको छ।



तस्वीरः फाइल

"शिक्षा, स्वास्थ्य जस्ता अत्यावश्यक क्षेत्रमा राज्यले लगानी गरिदियो भने गाउँमा बसेका नागरिकले खेतीयोग्य जमीनमा खेती गरेर जीविकोपार्जन गर्न सक्छन्। पठनपाठन, स्वास्थ्योपचारमा राज्यले लगानी गरिदियो भने गाउँको जनशक्ति बाहिर जाने स्थिति आउँदैन," वडाध्यक्ष पोखरेलले भने। वडाले ल्याएको उक्त कार्यक्रम गाउँसभामा पारित भएको छ। उनका अनुसार दुईभन्दा माथि जति सन्तान जन्माए पनि जन्मदर्ता गर्न आउने परिवारलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

यस वडामा विसं २०७८ को जनसङ्ख्या अनुसार ६१५ घरधुरी रहेको छ भने करीब दुई हजार जनसङ्ख्या बसोबास गर्छन्। विसं २०६८ को जनगणना अनुसार वडामा दुई हजार ३३४ जनसङ्ख्याको बसोबास रहेको वडा कार्यालयले जनाएको छ। पालिकाभरिमा विसं २०७८ को जनगणना अनुसार १५ हजार जनसङ्ख्या थियो भने विसं २०६८ मा १८ हजार जनसङ्ख्याको बसोबास रहेको थियो। एक दशकको अवधिमा तीन हजार जनसङ्ख्या घटेको पालिकाले जनाएको छ। गाउँबाट शिक्षा, स्वास्थ्य, रोजगारलगायत कारणले शहर जाने क्रम बढेकाले पनि गाउँमा बसोबास गर्नेको सङ्ख्यामा कमी आएको स्थानीय बताउँछन्। गाउँमा ज्येष्ठ नागरिक र अधिकांश महिला मात्रै छन्।

आव २०८०/८१ को नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्यमा राज्यको लगानी हुनुपर्नेमा जोड दिँदै गाउँमै बसेर अध्ययन गर्ने, विभिन्न पेशा, व्यवसाय तथा उद्यम गर्नेलगायत कुरा समेटिएकाले स्थानीयमा थप आकर्षण बढ्ने वडाको अपेक्षा छ।

# श्रम स्वीकृति लिने बढ्दै

काठमाडौं, २० असार/रासस

पछिल्लो समय वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिने नेपालीहरूको सङ्ख्या बढ्दै गएको छ। वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्षको असार १६ गतेसम्म वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या करीब सात लाख ४० हजार रहेको छ। उक्त सङ्ख्या दिनैपिच्छे बढ्दै गएको विभागले जनाएको हो।

अघिल्लो आर्थिक वर्षमा झन्डै छ लाख ३० हजारजनाले नेपालबाट वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिएका थिए। विभागले आर्थिक वर्ष २०५०/५१ यता वैदेशिक रोजगारमा जानेको तथ्याङ्क अद्यावधिक गर्दै आएकामा चालू आर्थिक वर्षमा यसरी श्रम स्वीकृति लिनेको सङ्ख्या बढ्दो देखिएको जनाएको हो। नेपालबाट वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिनेको सङ्ख्याले नयाँ रेकर्ड बनाएको बताइएको छ। चालू आर्थिक वर्षको ११ महिनामा झन्डै साढे सात लाखजनाले श्रम स्वीकृति लिएका छन्।

वैदेशिक रोजगारका लागि नेपालीहरू सबैभन्दा धेरै मलेशिया तथा खाडी मुलुक जाने गरेका र चालू आर्थिक वर्षको असार १६ गतेसम्म वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या सात लाख ४० हजार पुगेको वैदेशिक रोजगार विभागका सूचना अधिकारी तथा निर्देशक गुरुदत्त सुवेदीले जानकारी दिए। उनका अनुसार पछिल्लो समय युरोप जानेको सङ्ख्या पनि बढ्दो रहेको र वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर क्रोएसिया, साइप्रस, फ्रान्स, पोल्याण्ड, रोमानियाजस्ता युरोपेली मुलुकमा नेपालीहरू जाने गरेका छन्।



तस्वीरः फाइल

श्रम स्वीकृति लिएर प्रत्येक महिना

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, २० असार/रासस

नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ। बुधवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३९ दशमलव २६ अङ्कले घटेर दुई हजार ४९ दशमलव २६ अङ्कमा सीमित भएको छ।

आज विभिन्न कम्पनीका २७७ वटा कम्पनीका ८० लाख ९२ हजार ९६९ कित्ता शेयर ५३ हजार १०३ पटक खरीद-बिक्री हुँदा रु तीन अर्ब सात करोड ३९ लाख ९२ हजार १३६ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा सेन्सेटिभ र फ्लोट इन्डेक्ससहित सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४०९ दशमलव ७६ र निर्जीवन बीमा समूहको उपसूचक ३१० दशमलव ८५ अङ्कले घटेका छन्।

बैंकिङ समूह १० दशमलव ९९, विकास बैंक ६३ दशमलव २९, वित्त समूह २० दशमलव ०४, होटल तथा पर्यटन समूह ८८ दशमलव २८, जलविद्युत् समूह ५६ दशमलव ३६ अङ्कले घटेका छन्। त्यस्तै, लगानी एक दशमलव ६०, उत्पादन तथा प्रशोधन १०५ दशमलव ८०, लघुवित्त ८६, म्युचअल फन्ड शून्य दशमलव ०३, व्यापार समूह ३२ दशमलव १५ र अन्य समूह ३६ दशमलव ६९ अङ्कले घटेका छन्।

आज सिटी होटल लिमिटेड र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बिपिडब्लू लघुवित्त वित्तीय संस्था लिमिटेड र मोदी इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको रु १६ करोड ४९ लाख १२ हजार ५९६ बराबरका दुई लाख ७६ हजार ३२० कित्ता शेयर किनबेच भएका छन्।

# घरेलु मदिराको ‘ब्रान्डिङ’ कति सहज ?

– रामबहादुर थापा
गण्डकी, २० असार/रासस

घरेलु मदिराको ‘ब्रान्डिङ’ र बजारीकरणको चर्चाले संसद्देखि चोक चौतारासम्म ठाउँ पाएको छ। प्रदेश सरकार र स्थानीय तहका नीति, कार्यक्रम तथा बजेटमासमेत समेटिनुले यो विषय अब बहसमा मात्र सीमित छैन।

कतिपय स्थानीय तहले त घरेलु मदिरा उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन ऐन नै बनाइसकेका छन्। गण्डकी, लुम्बिनीलगायत प्रदेश सरकारले घरेलु मदिरालाई ‘ब्रान्डिङ’ गरेर कानूनी मान्यता दिने घोषणा गरेका छन्।

मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिरालाई वैध बनाउनुपर्ने माग नयाँ भने होइन। मुलुक सङ्घीय संरचनामा गएपछि प्रदेश सरकार र स्थानीय तहले यसलाई थप मुखरित गरेका छन्। सङ्घीय संसद्मा पनि यस विषयले प्रवेश पाइसकेको छ।

उसो त घरेलु मदिराको लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको विषय पनि कतै छिपेको छैन। सर्वोच्च अदालतले केही वर्ष अघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म उत्पादन गर्न पाउने फैसला गरे पनि व्यावसायिक उत्पादन र बिक्री वितरणका लागि घरेलु मदिरा वर्जित छ। मदिरा ऐन–२०३१ ले घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन।

सोही ऐनमा टेकेर प्रहरीले बेलाबेला घरेलु मदिरा नष्ट गर्ने अभियान नै सञ्चालन गर्छ। जनजाति समुदायको संस्कृतिसँग गाँसिएको र कतिपयको आयआर्जनको माध्यम बनेको घरेलु मदिरा जफत गरेको जनाउँदै प्रहरीकै आलोचना हुने गर्छ।

एकातिर कानूनी अडचन, अर्कोतिर सीप, स्रोतसाधन र प्रविधिको अभावबीच घरेलु मदिराको अनुसन्धान र ‘ब्रान्डिङ’ कति सहज होला त ? के सङ्घीय सरकारले कानून नबनाई प्रदेश र स्थानीय तहले ऐन बनाउँदैमा घरेलु मदिराले वैधता पाउँछ ? यी प्रश्नको उत्तर सजिलो भने छैन।

आन्तरिक राजस्व कार्यालय पोखराका कर अधिकृत गोपाल गिरीले मदिरा–ऐन २०३१ ले घरेलु मदिरालाई गैरकानूनी ठहर गरेको छ भने। इजाजतपत्र नलिई कसैले पनि मदिरा उत्पादन, सञ्चय तथा बिक्री वितरण गर्न नपाउने उनले बताए।

राजस्व कार्यालयले मदिरा उत्पादन र बिक्री वितरणका लागि व्यवसायीलाई अन्तःशुल्क इजाजत दिएर कर असुल गर्ने गर्छ। प्रहरीसँग मिलेर मदिरा व्यवसायको अनुगमन तथा नियमनको काम पनि सोही कार्यालयले गर्छ। मदिरासँग सम्बन्धित गम्भीर प्रकृतिका घटनामा मुद्दासमेत चलाइने गरेको कर अधिकृत गिरीले बताए।

उनले घरेलु मदिराको गुणस्तरीय उत्पादन तथा बजारीकरण गर्ने प्रदेश सरकार र स्थानीय तहको घोषणा कार्यान्वयनका लागि सङ्घीय कानून संशोधन गर्नुपर्ने या नयाँ बनाउनुपर्ने आवश्यकता औंल्याए। “प्रदेश सरकार र स्थानीय तहले चाहेर मात्र हुँदैन जस्तो लाग्छ, सङ्घीय मदिरा ऐनले नै घरेलु मदिरालाई गैरकानूनी भनेकोले पहिले कानूनी प्रबन्ध मिलाउनुपर्ने देखिन्छ”–उनले भने।


घरेलु मदिरा पोखेर नष्ट गर्दै प्रहरी। तस्वीरः फाइल/प्रतीक

सङ्घीय कानूनसँग बाझिनेगरी प्रदेश र स्थानीय तहले कानून बनाउन नहुने व्यवस्था संविधानमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले घरेलु मदिराबारे कानूनमा जे व्यवस्था छ सोही अनुसार प्रहरीले कामकारबाई गर्दै आएको बताए। “घरेलु मदिरा ब्रान्डिङ गर्ने कुरा हामीसँग सम्बन्धित छैन, हामीले कानूनमा जे छ त्यही पालना गर्ने हो, नयाँ कानून आयो भने पनि त्यसै अनुसार नै हुन्छ”–उनले भने। घरेलु मदिरा सेवनका कारण ज्यानै जानेसम्मका घटना हुँदा प्रहरीले अवैध मदिरा नियन्त्रणमा सक्रियता देखाउने गरेपनि अघिपछि खासै चासो दिएको पाइँदैन।

घरेलु कोदोको मदिरा ‘ब्रान्डिङ’ का लागि अनुसन्धान गरिरहेका गण्डकी विश्वविद्यालयका उपकुलपति प्राडा नवराज देवकोटाले अनुसन्धान आधाउधी चरणमा पुगेको बताए। उनले कोदोको मदिरा बनाउन घरगाउँमा प्रयोग हुने मर्चाको प्रयोगशाला परीक्षणको प्रतिवेदन आउन बाँकी रहेको बताए। गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिसकिएको उपकुलपति प्राडा देवकोटाले बताए।

“स्रोतको कमी भएन भने दुई/तीन वर्षभित्र कोदोको मदिरालाई नयाँ पहिचानसहित ब्रान्डिङ गर्न सकिन्छ, त्यसका लागि राज्यले कानूनी बाटो फुकाइदिनुपर्छ”–उनले भने–“मदिरा जस्तो जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकोले अनुसन्धानमा समय बढी लाग्छ।”

विश्वविद्यालयले प्राडा देवकोटासहितको विज्ञ टोली बनाएर कोदोबाट बन्ने घरेलु मदिराबारे अध्ययन गरिरहेको हो। कोदो कुहाउन चाहिने मर्चाको खाद्य प्रविधि विज्ञान संस्थान धरान र कृषि तथा वन, विज्ञान विद्यालयको प्रयोगशालामा अध्ययन भइरहेको जनाइएको छ।

“मर्चाको प्रयोगशाला अध्ययन र विश्लेषण गर्दा केही मर्चा राम्रा भेटिए, वैज्ञानिकले प्रमाणित गरेका ब्याक्टेरिया र ढुसी त्यसमा पाइयो”–उपकुलति प्राडा देवकोटाले भने–“मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएको छ, अब गाउँमा गएर परीक्षण गर्छौं।”

नेपाली कोदोको मदिरा संसारमा चलेका अरू मदिराभन्दा भिन्न रहेको उनले बताए। जनजाति समुदायको पम्परागत सीप र प्रविधिमा आधारित घरेलु मदिरालाई विधि र मापदण्ड अनुसार बनाउन सके कुनैपनि जोखिम नहुने उपकुलपति प्राडा देवकोटाले बताए। कोदो मात्र नभएर अरू अन्नपात र फलफूलबाट पनि घरेलु मदिरा बनाउन सकिने उनको भनाइ थियो।

मदिरा बनाउँदा कोदो कुहाउन प्रयोग हुने मर्चा विभिन्न जडिबुटी र वनस्पतिका फूल प्रयोग गरेर बनाइन्छ। विज्ञहरूले घरेलु मदिरा विषाक्त हुनुका कारणबारे पनि अनुसन्धान गरिरहेका छन्। अनुसन्धान र प्रयोगशाला परीक्षणबाट विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले तोकेको मापदण्ड अनुसार भएमा घरेलु मदिरालाई ‘ब्रान्डिङ’ गर्ने योजनामा विश्वविद्यालय छ। अनुसन्धान सफल भएर वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने देखिन्छ।

घरेलु मदिरामा आधारित उद्योग, व्यवसाय खुल्नेदेखि रोजगारको अवसर सिर्जना हुनेछ। महँगो विदेशी मदिराको आयात घटाउन पनि घरेलु मदिरालाई ‘ब्रान्डिङ’ गरेर बजारीकरण गर्नुपर्ने आवाज उठ्ने गरेको हो। नेपालमा बर्सेनि अर्बौंको मदिराजन्य वस्तु र कच्चा पदार्थ आयात हुँदै आएको छ। घरेलु मदिरालाई ‘ब्रान्डिङ’ गरेर अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिने होटल व्यवसायी महासङ्घ, गण्डकीका अध्यक्ष अर्जुन चोखालले बताए।

“विकसित देशहरूले पनि स्थानीय मदिरा ब्रान्डिङ गरिरहेका छन्, हाम्रो सीप, प्रविधि र पहिचानसँग जोडिएको घरेलु मदिरालाई करको दायरामा ल्याएर बजारीकरण गर्नु जरूरी छ”–उनले भने–“नेपाल घुम्न आउने विदेशी पाहुनालाई पनि हाम्रो घरेलु मदिरा चखाउने वातावरण बनाउनुपर्छ।”

खाद्य, प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, कास्कीका प्रमुख शिवजी बरालले एकै किसिमको कच्चा पदार्थ प्रयोग गर्न सके घरेलु मदिराको स्वादमा एकरूपता ल्याउन सकिने बताए। अखाद्य पदार्थको मिसावट आदिका कारण घरेलु मदिरा विषाक्त हुने गरेको उनले उल्लेख गरे।

“घरेलु मदिराको ब्रान्डिङ हुन सक्छ तर त्यसका लागि सुरक्षित र वैज्ञानिक विधिबाट मदिरा उत्पादन गर्नुपर्छ, अल्कोहलको निश्चित मात्रा तोकेर बजारमा लैजान सकिन्छ”–प्रमुख बरालले भने–“विदेशीहरूलाई लक्षित गर्दा न्यूनतम २० देखि बढीमा ३० प्रतिशतसम्म अल्कोहलको मात्रा मिलाउनु उपयुक्त हुन्छ।”

मदिरासम्बन्धी कानून र नीतिनिर्माणसँग जोडिएको विषय भएकोले घरेलु मदिरा उद्योगको दर्ता, उत्पादन अनुमति लिनेलगायत विषय सहज नभएको उनको भनाइ थियो। यसमा राज्यले नै स्पष्ट योजना र पहल लिनुपर्ने प्रमुख बरालले बताए।

सङ्घ सरकारले कानूनी बाटो नफुकाएसम्म तत्काल घरेलु मदिराले वैधानिकता पाउने देखिंदैन। घरेलु मदिरालाई वैध बनाउन गुणस्तर र मापदण्ड तय गरेर ‘ब्रान्डिङ’ गर्नुपर्ने स्थिति छ। गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले कानूनी व्यवस्था गरी आधुनिक प्रविधिको प्रयोगमार्फत घरेलु मदिराको गुणस्तर वृद्धि र ‘ब्रान्डिङ’ गर्न बजेट विनियोजन गरिएको बताए।

“यो विषय आगामी वर्षको बजेट तथा कार्यक्रममा आइसकेको छ, आगामी साउनदेखि यसमा विस्तृत अध्ययन शुरू हुन्छ”–उनले भने–“कानून बनाउनेदेखि सबै विषयमा छलफल हुन्छ, सङ्घीय सरकारसँग पनि समन्वय गरेर अगाडि बढ्छौं।”


**जोखिमका साथ खोला तराउँदै गाडी:** तमोर कोरिडोर सडक अन्तर्गत पाँचथार र धनकुटाको सीमा हुँदै बग्ने नावा खोलामा बाढी आएसँगै जोखिमाका साथ गाडी खोला तराउँदै चालक । तस्वीरः रासस

## फरक समाचार

# पहाडमा हिमपातको सट्टा चरम वर्षा हुँदैछ

जलवायु परिवर्तनमाथि नयाँ शोध भएको छ, ग्लोबल वार्मिङले पहाडमा हिमपातलाई भारी वर्षामा परिणत गरिरहेको छ। यसको असर संसारको कमसेकम एक चौथाइ आबादीमा देखिनेछ।



शोध अनुसार तापमानमा एक डिग्रीको बढोत्तरी हुनासाथ पहाडमा १५ प्रतिशत हिमपात अत्यधिक वर्षामा परिणत भइरहेको छ। सामान्य परिस्थितिमा यस्तो हुन्छ कि महासागरबाट बग्ने पानी पहाडमा हिमपातको कारण लामो समयसम्म बादलको रूपमा जम्छ र गर्मीको दिनमा बिस्तारै–बिस्तारै पग्लिएर नदीमा प्रवाहित हुन्छ। नयाँ अध्ययन अनुसार उत्तरी गोलार्धको पहाडमा बर्फबारीबाट जलवायु परिवर्तन भइरहेको छ। अर्थात् अब ग्लोबल वार्मिङको कारण हिमपातको सट्टा अत्यधिक वर्षा हुन थालेको छ र आगामी समयमा यसले पहाडमा ठूलो क्षति निम्त्याउनेछ। जसले गर्दा संसारभरि पहिरो, भयङ्कर बाढी, माटो कटानजस्ता थुप्रै गम्भीर समस्या देखिनेछन्।

बर्कले प्रयोगशालाका ऊर्जा विभागका शोधकर्ताले ‘नेचर’ पत्रिकामा आफ्नो निष्कर्ष प्रकाशित गरेका छन्, अध्ययनका प्रमुख लेखक मोहम्मद ओमबादीको भनाइ छ कि दुनियाँको एक चौथाइ आबादी पहाड र पर्वतको तल्लो भागमा बस्छ। यसको खतरा सीधा उनीहरूमाथि पर्नेछ। विशेषज्ञको अनुमान छ कि जलवायु परिवर्तनको चरम घटनाका कारण पानीको मात्रा बढ्छ। यो पहिलो अध्ययन हो, जसमा शोधकर्ताले यो पत्ता लगाउने कोशिश गर्दैछन् कि यो पानी पग्लिएको बरफको हुनेछ वा वर्षाको। उनीहरूले पहाडमा हिमपातको सट्टा अत्यधिक वर्षा हुन थालेको बताएका छन्। जसको कारण खतरा झनै बढेको छ।

वैश्विक तापमानमा प्रत्येक एक डिग्री सेल्सियस वृद्धिले अग्लो क्षेत्रमा वर्षा औसतन १५ प्रतिशत बढ्छ। सन् १९५० देखि २०१९ देखि यस प्रकारको भीषण वर्षा भइरहेको छ र भविष्यमा पनि यस्तै हुनेछ। उत्तरी अमेरिकी प्रशान्त पर्वत शृङ्खलादेखि हिमालय र उत्तरी गोलार्द्धको उचाइ क्षेत्रमा यो देखिएको छ। यो ती पर्वतमालामा बढी देखिन्छ, जहाँ शून्यभन्दा कम तापमानमा हिमपात हुन्छ। यस्तोमा तापमानमा थोरै परिवर्तनले हिमपातलाई वर्षामा परिणत गरिदिन्छ। जहाँ निकै कम तापमानमा हिमपात हुन्छ, त्यहाँ यस्तो देखिएको छैन।

शोधकर्तालाई आशा छ कि वैज्ञानिक आफ्नो जलवायु मोडेलमा हिमपात र वर्षालाई अलग–अलग सामेल गर्नको लागि पर्याप्त संवेदनशील हुनेछन्। यस्तोमा तल्लो इलाकामा स्थिति सम्हाल्नको लागि योजना बनाउनुपर्छ। यसबाट पर्वतीय क्षेत्रमा आधारभूत ढाँचाको योजनामाथि बढी ध्यान दिनुपर्छ। जसले यसको दुष्प्रभाव कम गर्न सकियोस्। दुनियाँ ग्लोबल वार्मिङको दुई डिग्री सेल्सियससम्म सीमित गर्ने प्रयासमा रहेको बेला यस शोधमा वर्षामा १५ प्रतिशतको वृद्धि र एक डिग्रीको वृद्धिको सीधा सम्बन्ध छ। अर्थात् यदि तापमान तीन डिग्री सेल्सियस बढ्छ भने अत्यधिक वर्षामा ४५ प्रतिशतको बढोत्तरी हुनेछ। यस्तो शोधबाट स्पष्ट सङ्केत पाइन्छ कि हामीले स्वच्छ प्रौद्योगिकीमा बढी निवेश गर्न आवश्यक छ र वार्मिङको परिणाम भोग्न तयारी गर्नुपर्छ। अब समय आइसकेको छ कि हामीले ग्रीनहाउस ग्याँस उत्सर्जन कम गर्न र जलवायु परिवर्तनको अन्य प्रभावलाई कम गर्न कम्मर कस्नुपर्छ।

# महिलालाई कब्ज बढी हुन्छ

पुरुषको तुलनामा महिलाहरूलाई कब्जको समस्या बढी हुन्छ। कब्जको कारण उनीहरूको पेट प्रायः दुखिरहेको हुन्छ। ब्रिटेनको एउटा स्टार्टअप हेल्थ सर्भे टीमका चिकित्सक र अनुसन्धानकर्ताका अनुसार महिलाहरू कब्जको समस्याबाट पीडित रहन्छन् भने पुरुष बाथरूममा बढी समय बिताउँछन्।



द बिग पू रिभ्यू नामक एउटा सर्भे गरिएको थियो। यसमा १८ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूमाथि शोध गरिएको थियो। सर्भे अनुसार पुरुषको तुलनामा महिलाहरू बढी चिडचिडा हुन्छन्। त्यस्तै, १३ प्रतिशत पुरुषको तुलनामा २३ प्रतिशत महिलाले कब्ज हुने गरेको गुनासो गरे। यसको साथै १९ प्रतिशत महिलाले आइबिएसबाट पीडित भएको बताए भने उनीहरूको तुलनामा केवल १० प्रतिशत पुरुषले आइबिएसबाट पीडित भएको बताएका थिए।

**महिला र पुरुषको गट हेल्थ अन्तरः** एक रिपोर्ट अनुसार महिला र पुरुषको गट हेल्थमा ठूलो अन्तर हुन्छ। दुवैले एकअर्कालाई बुझ्न आवश्यक छ। स्वास्थ्यविज्ञ अनुसार बच्चाको पालनपोषणजस्ता शारीरिक कारणले महिलाको वजन उनीहरूको नितम्ब र तिघ्रातर्फ बढ्छ। यसको साथै महिलामा हार्मोनल परिवर्तन हुन्छ, जसको कारण स्वास्थ्य समस्याको सामना गर्नुपर्ने हुन्छ। महिलाहरू पिरियड्स, वे ल्युटियल, पिएमएस र मासिक धर्म चरणजस्ता विभिन्न चरण भोग्नुपर्ने हुन्छ, जसले गर्दा उनीहरूलाई कब्जको समस्या हुन्छ। सर्भेमा पुरुषबाट पनि यस कुराको जानकारी लिइएको थियो कि उनीहरू बाथरूममा कति समय बिताउँछन्। पुरुषको तुलनामा महिलाहरू सार्वजनिक बाथरूमको उपयोग गर्न र बढी समय बिताउन असहज महसूस गर्छन्। जसले गर्दा उनीहरू कब्जको शिकार हुन्छन्। विशेषज्ञ अनुसार पुरुष शौच गर्नुभन्दा पहिले शौचालयमा धूमपान गर्छन्। यो पनि एउटा कारण हुन सक्छ कि पुरुष बाथरूममा पत्रिका पढ्ने गर्छन्, जसले गर्दा उनीहरूको शौचालयमा बिताउने समय बढ्छ।

अनुसन्धान अनुसार पुरुषको तुलनामा महिलाहरू बढी तनावमा रहन्छन्। यसको कारण पारिवारिक र सामाजिक दबाब हुन्छ। दिमाग–आन्द्राको यस्तो सम्बन्ध रहन्छ कि लगातार तनाव र चिन्ताको कारण महिलाहरूलाई जिआइ–ट्रैक्टको पुरानो समस्या हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनद्वारा डोनेट्स्कमा भीषण आक्रमण

तस्वीरः एपी



मस्को २० असार/एएफपी

रूसी सेनाको नियन्त्रणमा रहेको पूर्वी युक्रेनी शहर डोनेट्स्कको माकिभकामा युक्रेनले भीषण आक्रमण गरेको छ। युक्रेनी कारबाईमा एकजनाको मृत्यु भएको तथा अन्य ४१ जना घाइते भएका छन्।

रूसी अधिकारीहरूका अनुसार युक्रेनी आक्रमणमा परी दुई बालबालिकासहित ४१ जना घाइते भएका छन्। युक्रेनको सेनाले माकिभकामा रहेको रूसी सेनाको एउटा संरचनालाई पनि ध्वस्त पारेको छ। युक्रेनी सेनाले आवासीय क्षेत्र र माकिभकाको अस्पताल परिसरमा पनि भीषण आक्रमण गरेको छ।

सन् २०१४ देखि नै डोनेट्स्क क्षेत्र आंशिकरूपमा क्रेमलिन समर्थित पृथकतावादीको कब्जा गरेको छ। यसलाई पूर्णरूपमा आफ्नो नियन्त्रणमा लिनु रूसी फौजको मुख्य सैन्य उद्देश्य हो। केही दिनदेखि यहाँको औद्योगिक क्षेत्रलाई पनि युक्रेनी सेनाले आक्रमणको केन्द्रबिन्दु बनाएको छ।

युक्रेनी सेनाले गरेको आक्रमणमा नौवटा स्वास्थ्य सेवा केन्द्रमा क्षति पुगेको डोनेट्स्कस्थित रूसी अधिकारी डेनिस पुशिलिनले बताएका छन्। ४० वटा आवासीय भवन, विद्यालय र वारुणयन्त्र कार्यालयमा पनि क्षति भएको छ। यद्यपि उनले थप विवरण दिएका छैनन्। रासस

# सवारी दुर्घटनामा चारजनाको मृत्यु, पाँचजना घाइते

रजौरी, २० असार/एएनआई

भारत अधीनस्थ जम्मु–काश्मीरको रजौरीमा बुधवार बिहान भएको सवारी दुर्घटनामा चारजनाको मृत्यु भएको छ भने अन्य पाँचजना घाइते भएका छन्। थानामण्डी क्षेत्रमा भएको निजी कार दुर्घटनामा चारजनाले ज्यान गुमाएका प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका एकजनाको अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको तथा अन्य तीनजनाले घटनास्थलमा नै अन्तिम श्वास लिएका थानामण्डी प्रहरी कार्यालयका प्रमुखले बताएका छन्। घाइतेहरूको रजौरीस्थित सरकारी शिक्षण अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको छानबीन भइरहेको छ भने विस्तृत विवरण प्राप्त भएको छैन।

यसैबीच, उत्तरप्रदेशको आजमगढमा चटचाङ लागेर छजनाको ज्यान गएको तथा एकजना बालक गम्भीर घाइते भएका छन्। राज्य सरकारले मृतकका परिवारलाई राहतस्वरूप रु चार लाख प्रदान गर्ने घोषणा गरेको छ। रासस

# फ्रान्सको राष्ट्रिय दिवसका विशेष अतिथि प्रधानमन्त्री मोदी

पेरिस,२० असार/पिटिआई

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी यही असार २९ गते फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा राजधानी पेरिसमा आयोजना हुने विशेष समारोहमा सहभागी हुने भएका छन्।

समारोहमा प्रधानमन्त्री मोदीले विशेष अतिथिका रूपमा भाग लिने पेरिसस्थित भारतीय राजदूतावासले जनाएको छ। भारतका तीनवटा राफेल लडाकू विमान पनि सोही अवसरमा आयोजना हुने सैन्य परेडमा सहभागी हुनेछन्।

बास्टिल डेका अवसरमा पेरिसको च्याम्प्स एलिसेसमा आयोजना हुने फ्लाइपास्टमा भाग लिन तीनवटा विमान पनि पेरिस आउने दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। राफेल लडाकू विमान अन्य फ्रान्सेली विमानसँगै परेडमा उड्नेछन्। यस अघि एङ्ग्लो–फ्रान्सेली जगुआर लडाकू विमान परेडमा सामेल भएका थिए।

प्रधानमन्त्री मोदीको यो भ्रमण फ्रान्स र भारतबीच रणनीतिक साझेदारीको २५औं वार्षिकोत्सवका बेला हुन लागेको हो। भारतले अन्तिमपटक सन् २००९ मा परेडमा भाग लिएको थियो। त्यस बेला प्रधानमन्त्री मनमोहन सिंह भारतीय सैन्य दलसँगै सहभागी भएका थिए।

प्रधानमन्त्री मोदीको भ्रमणबाट भारत–फ्रान्स रणनीतिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक र आर्थिक सहयोगका लागि नयाँ एवं महत्त्वाकाङ्क्षी लक्ष्य निर्धारण गरेर द्विदेशीय रणनीतिक साझेदारी अर्को चरणमा प्रवेश गर्ने अपेक्षा गरिएको विज्ञप्तिमा उल्लेख छ। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | राज्यलाभ |
| मिथुन | रोगभय | कर्कट | व्यापारवृद्धि |
| सिंह | शत्रुभय | कन्या | ज्ञानोदय |
| तुला | भयचिन्ता | वृश्चिक | मित्रमिलन |
| धनु | अतिथिआगमन | मकर | सुयश |
| कुम्भ | बेचैनी | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## गाँजासहित १२ जना पक्राउ ...

मोतिहारी जिल्ला बस्ने ६५ वर्षीय लालबहादुर सहनी, डिएल १२ सिए ०५७८ नम्बरको स्कारपियोमा सवार पर्साको वीरगंज महानगरपालिका वडा नं १३ बस्ने २५ वर्षीय सन्तोष गुप्ता, बाराको विश्रामपुर गाउँपालिका वडा नं ४ बस्ने २४ वर्षीय सुरज साह, २१ वर्षीय गौतमकुमार साह, पर्साको छिपहरमाई गाउँपालिका वडा नं ३ बस्ने ३१ वर्षीय मोहमद नवशाद हुसेन र २८ वर्षीय रमेश यादवलाई पक्राउ गरेको प्रनाउ कार्कीले जानकारी दिए।

# पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप ल्याइयो

काठमाडौं, २० असार/रासस

सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी) खोप ल्याएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चीनबाट खरीद गरेर २० हजार मात्रा खोप ल्याएको हो। परिवार कल्याण महाशाखा, बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले खोपले महिलालाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउने बताए। उनले १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सर लाग्नबाट जोगाउनका लागि खोप दिइने जानकारी दिए।

उनले खोप कुन कुन जिल्लामा दिने भनेर निर्णय स्वास्थ्य मन्त्रालयले गर्ने र सोही अनुसार किशोरीलाई खोप लगाइने बताए। उनका अनुसार खोप छ महीनाको फरकमा दुई मात्रा दिइने गरिन्छ। सरकारले चीनबाट पहिलोपटक सो खोप खरीद गरेर ल्याएको हो।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले दुर्गम क्षेत्रका महिलालाई खोपले क्यान्सर हुनबाट बचाउने बताए। उनले नेपालमा सबैभन्दा बढी महिलालाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको उल्लेख गर्दै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को तथ्याङ्क अनुसार दिनमा छजना महिलाको मृत्यु हुने गरेको बताए।

"अस्पताल आउनेमा दैनिक छजनाको यसै क्यान्सरको कारणले मृत्यु हुने गरेको छ," उनले भने, "अझ गाउँघरमा यस क्यान्सरको रोगका कारणले कतिको मृत्यु हुन्छन् भन्ने तथ्याङ्क छैन।" क्यान्सर रोग विशेषज्ञ डा शाहीका अनुसार वर्षमा करीब दुई हजार ५०० महिलामा पाठेघरको मुखमा क्यान्सर लाग्ने गरेको छ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। तस्वीरः फाइल

उनले असुरक्षित यौन सम्पर्क, सानै उमेरमा विवाह गर्ने, धेरै चुरोट खाने महिलामा पाठेघरको मुखमा क्यान्सर लाग्ने जोखिम हुने गरेको बताए।

# नयाँ आवधिक योजनाका लागि प्रदेश आयोगसँग सुझाव माग

काठमाडौं, २० असार/रासस

राष्ट्रिय योजना आयोगले १६औं पञ्चवर्षीय आवधिक योजनाका लागि प्रदेश योजना आयोग र स्थानीय सरकारका प्रतिनिधिमूलक संस्थासँग छलफल गरेको छ।

तस्वीरः रासस



सिंहदरबारस्थित आयोगको हलमा बुधवार भएको छलफलमा नयाँ आवधिक योजनाका लागि सुझाव दिन कोशी प्रदेशबाहेक सबै प्रदेश योजना आयोगका उपाध्यक्षहरू सहभागी थिए।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठको अध्यक्षतामा भएको छलफलमा प्रदेश योजना आयोगका उपाध्यक्षहरूसहित जिल्ला समन्वय समिति, नगरपालिका सङ्घ तथा गाउँपालिका सङ्घबाट प्रतिनिधिहरू सहभागी थिए।

योजना आयोगले अहिले १६औं योजनाको मस्यौदा तयार पारिरहेको छ। उक्त मस्यौदामाथि आयोगले मधेस प्रदेश योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी, बाग्मती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा नरविक्रम थापा, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा नहकुल केसी, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष योगेन्द्रबहादुर शाही र सुदूरपश्चिम प्रदेशका योजना आयोगका उपाध्यक्ष मोहनदेव विष्टसँग छलफल गरेको थियो।

छलफलमा जिल्ला समन्वय समिति महासङ्घका उपमहासचिव दीपक गौतम, नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गाना र गाउँपालिका राष्ट्रिय महासङ्घका तर्फबाट सल्लाहकार लेखनाथ पोखरेल पनि सहभागी थिए।

प्रदेश योजना आयोग र स्थानीय सरकारका प्रतिनिधिमूलक संस्थाबाट कृषिको उत्पादकत्व बढाउने तथा रोजगार सिर्जनाका लागि मदत पुग्ने गरी नयाँ आवधिक योजना ल्याइनुपर्ने सुझाव आएको छ।

विद्यमान १५औं योजनामा भएका कमीकमजोरीसमेत सुधार गर्दै १६औं योजनाले कृषि उत्पादकत्व र रोजगारलाई विशेष ध्यान दिनुपर्ने प्रदेश योजना आयोगका उपाध्यक्षहरूको सुझाव छ। त्यसैगरी, वैज्ञानिक वन व्यवस्थापन गर्न सके कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको १५ प्रतिशत योगदान पुर्‍याउन सकिने भन्दै काठजन्य वस्तुहरूको उपयोग गर्ने र अहिले भइरहेको फर्निचर आयातलाई कम गर्ने नीति तर्जुमा गर्नुपर्ने सुझाव आएको छ।

हिमालयबाट बग्ने पानी निर्यात गर्ने, सूचना प्रविधिको माध्यमबाट रोजगार सिर्जना गर्ने, दक्ष जनशक्ति उत्पादनमा केन्द्रित हुनेलगायतका सुझाव प्रदेश योजना आयोग र स्थानीय सरकारका प्रतिनिधिहरूले आयोगलाई दिएका छन्। आयोगले यसअघि आफ्ना पूर्वउपाध्यक्ष, पूर्वसदस्य, विषय विज्ञहरूसँग समेत सुझाव लिइसकेको छ।

## श्रम स्वीकृति लिने बढ्दै ...

कम्तीमा पनि ६० हजारभन्दा बढी युवा वैदेशिक रोजगारका लागि विभिन्न मुलुकमा पुग्ने गरेका निर्देशक सुवेदीले बताए। उनका अनुसार गएको फागुनमा वैदेशिक रोजगारमा ६१ हजार ८४५ जना गएका देखिन्छन्। यसमध्ये युरोप जानेको सङ्ख्या धेरै छ। चैतमा वैदेशिक रोजगारका लागि ६१ हजार ४७८ युवाले श्रम स्वीकृति लिएका थिए। यो नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या हो। गत वैशाख महीनामा ५४ हजारभन्दा बढी युवा बाहिरिएका थिए। वैशाखमा विश्वका ९० वटा देशमा ५४ हजार ४५७ जना रोजगारका लागि गएका विभागको तथ्याङ्कमा उल्लेख छ।

असार महीनामा पुनः श्रम स्वीकृति लिएर २१ हजार १७ जना विदेशिएका छन् भने ३३ हजार ४४० जना नयाँ श्रम स्वीकृति लिएर विदेशिएका छन्। विदेशिनेमा ४९ हजार ५०९ पुरुष र चार हजार ९४८ महिला छन्। पछिल्लो समय नेपाली युवाको आकर्षण बढ्दै गइरहेकाले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने योजना पनि सरकारले अघि सारेको विभागको भनाइ छ।

यस्तै, सीपयुक्त जनशक्ति विकास गरी रोजगार र स्वरोजगार वृद्धि गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको योजना रहेको छ। आन्तरिक रोजगार पनि प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य लिइएको मन्त्रालयले जनाएको छ।

यसैगरी, गएको दुई महीनामा नेपालमा काम गर्न झन्डै एक हजार चार सय विदेशी नागरिकले श्रम स्वीकृति लिएका श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका निमित्त महानिर्देशक मणिनाथ गोपले जानकारी दिए। उनका अनुसार गएको वैशाख महीनामा ९७४ र जेठ महीनामा ४२२ जना गरी दुई महीनाको अवधिमा नेपालमा काम गर्नका लागि एक हजार ३९६ विदेशी नागरिकले नयाँ श्रम स्वीकृति लिएका थिए।

यस्तै, गएको वैशाख र जेठ महीनामा ४५८ विदेशी नागरिकले श्रम स्वीकृति नवीकरण गराएका थिए।



# वैभव वीरगंज बनाउने अभियान रोकिंदैन -नगरप्रमुख सिंह

प्रस, वीरगंज, २० असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वैभव वीरगंज बनाउने अभियान नरोकिने बताएका छन् ।




वीरगंज महानगरपालिकाले वडा नं ५ मा आयोजना गरेको सार्वजनिक सुनवाइ कार्यक्रममा नगरप्रमुख सिंहले आफूले गलत नगर्ने र गलत कुराको खुलेर विरोध गर्ने बताए । उनले सबै नगरवासीलाई गलत कार्यविरुद्ध खुलेर आवाज उठाउन आग्रह गरे । नगरप्रमुख सिंहले भूमिगत पानी रिचार्ज नहुँदा गर्मीयाममा पिउने पानीको समस्या देखा परेको बताए ।

वीरगंजलाई नमूना शहरको रूपमा विकास गर्न नगरवासीको साथ र सहयोग आवश्यक रहेको उनले बताए ।

नगरको सरसफाइ, शिक्षा, स्वास्थ्य क्षेत्रमा देखिएका विसङ्गतिहरूको अन्त्य गर्ने अभियानमा महानगर जुटेको उनले बताए । नगरप्रमुख सिंहले वीरगंजका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरूको सौन्दर्यीकरण गर्दै पर्यटन प्रवर्द्धनका लागि महानगरपालिकाले काम गरिरहेको बताए ।

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले महानगरले प्रदान गर्ने सेवा र सुविधालाई एकीकृतरूपमा नगरवासीबीच पुऱ्याउन ८० करोडको लागतमा ११ तले कार्यालय भवन निर्माणका लागि डिपिआर बनिसकेको तर स्रोतको व्यवस्थापन हुन नसक्दा कार्यालय निर्माणमा तत्काल समस्या रहेको बताए । उनले कर्मचारीहरूको दरबन्दी कम हुँदा काम गर्न समस्या भएको बताउँदै महानगरपालिकामा समेत विगतमा बिचौलियाहरूले सेवाग्राहीलाई दु:ख दिने गरेकामा अहिले त्यस्ता गतिविधिमा रोक लागेको दाबी गरे ।

वडाध्यक्ष प्रदीप चौरसियाले नगरवासीको चाहनाअनुरूपको काम भइरहेको दाबी गरे ।

# बागवाना स्वास्थ्य चौकीमा स्त्रीरोग जाँच शिविर

बलिराम शुक्ला, बिरुवागुठी, २० असार/

पर्सागढी नगरपालिका वडा नं २ स्थित बागवाना स्वास्थ्य चौकीमा महिलाहरूको लागि निश्शुल्क स्त्रीरोग विशेषज्ञ स्वास्थ्य शिविर बुधवार सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिकाद्वारा आयोजित स्त्रीरोग विशेषज्ञ स्वास्थ्य शिविरका प्रमुख अतिथि नगरप्रमुख गोकर्ण पाठकले अहिले पनि ग्रामीण भेगका महिलाहरूले प्रजनन स्वास्थ्य समस्या लाज मानेर लुकाउँदा प्रजनन स्वास्थ्यमा ठूलो समस्या आउने गरेको बताए ।

स्वास्थ्य समस्या लुकाउनाले नै महिलाहरूमा पाठेघर खस्ने, पाठेघरमा क्यान्सर हुने जस्ता विकराल समस्या आउने गरेको उनले बताए ।

शिविरमा १५० जना महिलाको स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षण नारायणी अस्पतालका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा नीता महर्जनले गरेकी थिइन् । शिविरमा परिवार नियोजनको इम्प्लान्ट सेवा १३ र कपर्टी सेवा एकजनालाई दिइएको थियो भने पाठेघरको क्यान्सरको जाँचको लागि ८९ जना महिलाको नमूना सङ्कलन गरिएको, निश्शुल्क ल्याब सेवा ३२ जना महिलालाई दिइएको थियो । त्यसैगरी, ११० जना महिलालाई निश्शुल्क औषधि वितरण गरिएको पर्सागढीका स्वास्थ्य शाखा प्रमुख नारायण पौडेलले बताए ।




पर्सागढी नगरपालिका वडा नं २ का अध्यक्ष वीरेन्द्र महतोको अध्यक्षतामा भएको शिविरमा उपप्रमुख पूजा चौधरी, प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराई, नारायणी अस्पतालका नर्सिङ निरीक्षकद्वय गङ्गा पौडेल र मनीता साह, पर्सागढी नगरपालिकाका चिकित्सक राजाबाबू गिरीलगायत सेवाग्राहीहरूको सहभागिता थियो ।




# खेलकूदको संसार

## राजेन्द्र र लीलबहादुरलाई ब्याडमिन्टन प्रतियोगिताको उपाधि

काठमाडौं, २० असार/रासस



कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र गण्डकी प्रदेश सांसद लीलबहादुर थापाको जोडीले मदन स्मृति ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेको छ ।

ललितपुरस्थित रिभाइभ रिक्रिएशन सेन्टरमा बुधवार भएको फाइनल खेलमा राई र थापाको जोडीले दिलमान पाख्रिन र यज्ञराज सुनुवारको जोडीलाई २१-१७, २१-१९ ले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो ।

प्रतियोगितामा पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापा र गणेश थापाको जोडी तथा नवराज सिलवाल र पूर्वमन्त्री भानुभक्त ढकालको जोडी संयुक्तरूपमा तेस्रो भए ।

नेकपा (एमाले)निकट संस्था नेपाल खेलकूद महासङ्घको आयोजना तथा नेकोस राष्ट्रिय ब्याडमिन्टन सङ्घको व्यवस्थापनमा भएको उक्त प्रतियोगिताको फाइनल प्रवेश गर्ने क्रममा राजेन्द्रकुमार राई र लीलबहादुर थापाको जोडीले कमल थापा र गणेश थापाको जोडीलाई २१-१६, २१-१७ ले तथा दिलमान पाख्रिन र यज्ञराज सुनुवारको जोडीले नवराज सिलवाल र भानुभक्त ढकालको जोडीलाई २१-६, २१-७ ले पराजित गरेको थियो ।

विजयी खेलाडीलाई राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिना, एमालेका खेलकूद इन्चार्ज कर्ण थापा, खेलकूद महासङ्घका अध्यक्ष परशराम बस्नेतलगायतले पुरस्कार प्रदान गरे ।

मदन भण्डारीको ७२औं जयन्तीको अवसरमा आयोजित उक्त प्रतियोगितामा संविधानसभा सदस्य, वर्तमान राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य एवं मन्त्रीलगायत ६४ जोडीको सहभागिता थियो ।

# जनमतको पर्यवेक्षक तोकियो

प्रस, पर्सागढी, २० असार/

जनमत पार्टी पर्सा जिल्ला समन्वय समितिले १४ वटै पालिकामा पर्यवेक्षक तोकेको छ । महानगरमा शशीकपूर मियाँ, परवेज अख्तर, अजय चौरसिया, सूर्यनाथ पाण्डेलगायत नौजनालाई पर्यवेक्षक तोकेको छ ।

यसैगरी, कालिकामाई गाउँपालिकामा मुकेश द्विवेदी, शशी पाण्डेलगायत चारजना, पर्सागढी नगरपालिकामा राजेश चौरसिया, अलिअख्तर मियाँ, श्याम चौधरी, धोबिनी गापामा जय मिश्र, हरिशङ्कर साह कानूलगायत पाँचजना, बहुदरमाई नपामा करिमा बेगम, जगदीश पटेललगायत चारजना, पोखरिया नपामा प्रह्लाद गिरी, रियाज आलमलगायत चारजना, सखुवाप्रसौनी गापामा जीतेन्द्र यादवलगायत चारजना, जगरनाथपुरमा चन्दन चौहान, विजय यादवलगायत पाँचजना, जीराभवानीमा विकास चौधरीलगायत तीनजना, छिपहरमाईमा प्रमोद यादवलगायत चारजना र पकाहामैनपुर गापामा सिपु तिवारीलगायत चारजनालाई पर्यवेक्षकको जिम्मेवारी तोकिएको छ ।

# दुर्घटनामा दुईजना घाइते


घाइतेहरू अस्पतालमा उपचार गराउँदै । तस्वीर:प्रतीक

प्रस, पंचगावाँ, २० असार/

प्रहरी भ्यान र मोटरसाइकल एकापसमा जुध्दा पटेर्वासुगौलीमा दुईजना युवक घाइते भएका छन् ।

पटेर्वासुगौली गाउँपालिका-४ निवासी २० वर्षीय अभिषेक राउत थारू र २१ वर्षीय सञ्जीव राउत थारू दुर्घटनामा घाइते भएका हुन् ।

निचुटातर्फ जाँदै गरेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको भ्यान र सुगौलीबाट पथरैया जाँदै गरेको मोटरसाइकल पथरैयास्थित छठघाटनिर एकापसमा ठोक्किएको थियो ।

दुर्घटनामा घाइते दुईजना युवकको वीरगंजस्थित तराई अस्पतालमा उपचार भइरहेको छ ।

घटना बुधवार दिउँसो २:२० बजे भएको प्रहरीले जनाएको छ ।

# व्यक्तित्व विकाससम्बन्धी गोष्ठी

प्रस, वीरगंज, २० असार/

वीरगंजस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, नगवामा व्यक्तित्व विकाससम्बन्धी गोष्ठी सम्पन्न भएको छ ।

सानो पाइला र वीरगंज महानगरपालिकाको आयोजना भएको गोष्ठीको उद्घाटन उपप्रमुख इम्तियाज आलमले गरेका थिए ।

मन्तव्यको क्रममा उनले बालबालिकाहरूमा हुनुपर्ने सकारात्मक गुणबारेमा जानकारी गराएका थिए । उनले प्रत्येक विद्यालयमा यस्ता कार्यक्रमहरूको आवश्यकता रहेको बताए ।

प्रधानप्राध्यापक नन्दकिशोर रामलगायतको सहभागितामा भएको कार्यक्रमको सहजीकरण विवेक कर्णले गरेका थिए ।

# पोखरिया नगरपालिकामा शोकसभा

प्रस, पोखरिया, २० असार/

तत्कालीन पोखरिया गाविस-४ का अध्यक्ष, नगर विकास समितिका अध्यक्ष तथा हाल पोखरिया नगरपालिका अन्तर्गत सञ्चालनमा रहेको नगर विकास योजना उपभोक्ता समितिका अध्यक्ष बद्रीप्रसाद चौरसियाको हृदयघातबाट मृत्यु भएपछि पोखरिया नगरपालिकाले बुधवार शोकसभा गरेको छ ।


स्व बद्रीप्रसाद चौरसिया

शोकसभामा सहभागीहरूले दिवङ्गत चौरसियाको आत्माको चिरशान्तिको कामना गरेको प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र सापकोटाले बताएका छन् ।

# फोटोग्राफर एशोसिएशनको अधिवेशन




प्रस, वीरगंज, २० असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले फोटो/भिडियोग्राफीको भविष्य उज्ज्वल रहेको बताएका छन् ।

पर्सा फोटोग्राफर एशोसिएशनको प्रथम साधारणसभामा उनले फोटो/भिडियोग्राफीबाट पनि युवाहरू स्वरोजगार हुने बताए । उनले सभा, समारोहका व्यावसायिक फोटो, भिडियो बनाउने प्रचलन बढेको भन्दै यसले फोटोग्राफीमा भविष्य रहेको बताए । उनले फोटोग्राफी सिक्ने र स्वरोजगार बन्न चाहने युवालाई महानगरले निश्शुल्क प्रशिक्षणको व्यवस्था मिलाउने बताए ।

एशोसिएशनका अध्यक्ष ओमप्रकाश महतोको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष महेन्द्रप्रसाद उपाध्याय, श्रीराम कँडेल, दिगम्बर राजवंशी, डा नीरज सिंहलगायतको सहभागिता थियो ।

**व्यावसायिक कृषिले बनाउँछ सुखी**

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यावसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमीन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमैं व्यावसायिक कृषि र पशुपालन गरौं,
- व्यावसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड